नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

सिंहदरबार, काठमाडौं

## निजी आवास पुनर्निर्माण सम्बन्धी नयाँ समयसिमा

१. हालसम्म लाभग्राही कायम भएकाहरूमध्ये निम्नानुसार अनुदान संझौता गरी पहिलो किस्ता भुक्तानी गर्ने:

(क) छुट तथा पुनः जाँच सर्वेक्षण २०७५/२०७६ बाट लाभग्राही कायम भएकाहरू, प्राधिकरणबाट २०७६ मंसिर पश्चात कायम भएका जोखिम तथा भूमिहिन लाभग्राहीहरूले २०७६ चैत्र मसान्त सम्म अनुदान संझौता गरी पहिलो किस्ता लिनु पर्ने ।

(ख) माथिल्लो बुँदा बाहेकका अन्य सबै पुनर्निर्माण तथा प्रवलीकरण लाभग्राहीहरू मध्ये अनुदान संझौता गर्न बाँकी वा अनुदान संझौता गरी पहिलो किस्ता लिन बाँकी लाभग्राहीहरूले सम्बन्धित स्थानीय तहको सिफारिशमा पुनर्निर्माण जिल्ला सहजीकरण समितिको निर्णय अनुसार २०७६ चैत्र मसान्त सम्ममा अनुदान संझौता गरी पहिलो किस्ता लिनु पर्ने ।

२. २०७६ माघ मसान्त भन्दा पहिले पहिलो किस्ता लिएका र बुँदा नं १ अनुसार पहिलो किस्ता लिएका सबै पुनर्निर्माण/प्रवलीकरण लाभग्राहीहरूले २०७७ असार मसान्त सम्ममा दोस्रो किस्ता लिई सक्नु पर्ने । यस सम्बन्धमा निम्नानुसार गर्ने:

(क) बुँदा नं (१) अनुसारका लाभग्राहीहरूलाई नियमित प्रक्रिया अनुसार दोस्रो किस्ता भुक्तानी गर्ने ।

(ख) अन्य लाभग्राहीहरूको हकमा स्थानीय तहको सिफारिशमा पुनर्निर्माण जिल्ला सहजीकरण समितिको निर्णय अनुसार दोस्रो किस्ता भुक्तानी गर्ने ।

३. सम्पूर्ण लाभग्राहीहरूले निजी आवास पुनर्निर्माणको तेस्रो किस्ता २०७७ मंसिर मसान्त सम्म लाभग्राहीहरूले लिई सक्नु पर्ने ।